प्रदेश सरकार
उद्योग कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,ताप्लेजुङ्ग
कोशी प्रदेश

सूचना नः-३-२०८०/८१

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्राकाशित मितिः २०८०/०६/१२**

कृषि ज्ञान केन्द्र, ताप्लेजुङको चालु आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८", बमोजिमका शर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यान्वयनका लागि ताप्लेजुङ जिल्ला अन्तर्गतका ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८०/०६/२६ गते सम्म) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन। थप जानकारीका लागि यस कार्यालयको फोन.नं ०२४-४६०१३० मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाईट taplejung.akc.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली, मापदण्ड, निवेदन र अन्य आवश्यक फारमहरु डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ।

कार्यक्रम विवरण

| क.स | कार्यक्रमको नाम | कार्यक्रम लक्ष्य | अनुदान प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक फलफुल बगैचा स्थापना सहयोग कार्यक्रम | १० | लागतको अधिकत्म ७५% वा बढिमा ३ लाख | कृषि समूह/कृषि सहकारी/निजि कृषि उद्यमी/फर्महरु | सुन्तलाजात फलफुल, आँप, लिचि, एभोकाडो, स्याउ, किवीका लागि न्युनतम ५ रोपनी र अन्य फलफुलको लागि न्युनतम ३ रोपनी। |
| २ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | ५ | लागतको अधिकत्म ७५% वा बढिमा ३ लाख | कृषि समूह/कृषि सहकारी/निजि कृषि उद्यमी/फर्महरु | तरकारी पकेट, ब्लक, जोन र सुपर जोन संचालन भएको स्थानीय तह तथा वडाहरु बाहेकका क्षेत्र। |
| ३ | कफि खेती विस्तार कार्यक्रम | ५ | लागतको अधिकत्म ७५% वा बढिमा १.५ लाख | कृषि समूह/कृषि सहकारी/निजि कृषि उद्यमी/फर्महरु | न्युनतम १० रोपनीको कलस्टरमा कफी खेती गर्नुपर्नेछ। |
| ४ | गड्यौला मल उत्पादन तथा प्राङ्गारिक मल सुधार कार्यक्रम | २० | लागतको अधिकत्म ७५% रकम | कृषि समूह/कृषि सहकारी/निजि कृषि उद्यमी/फर्महरु | गडयौली मल, भकारो सुधार तथा अन्य जैविक मल उत्पादनका लागि कम्तिमा २० जना कृषकहरु १ वटै कलष्टरमा पर्ने गरी कार्यक्रम संचालन गर्नु पर्ने छ |
| ५ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | ५ | लागतको अधिकत्म ७५% वा वढीमा १ लाख | महिला, दलित तथा पिछडिएको समुदाय | |
| ६ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | २० | लागतको अधिकत्म ७५% वा वढीमा १ लाख | १८ वर्ष देखि ५० वर्ष सम्मका विदेशबाट फर्केका वा बिदेश जान लागेका स्थानीय बेरोजगार युवाहरु | |
| ७ | मागमा आधारित कार्यक्रम | ३० | लागतको अधिकत्म ७५% वा वढीमा १ लाख | कृषक/कृषक समुह/कृषि | कार्यक्रम माग गर्दा पूर्वाधार विकास, नवीन प्रविधिमा आधारित उत्पादन समाग्री, खरिद, |

सूचना नः-३-२०८०/८१

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | फर्म/कृषि उद्यमी | उत्पादित वस्तुको मूल्य अभिवृद्धि हने र वजारीकरण सहयोग हुने विषयहरु समेटेको हुनुपर्नेछ। |
| ८ | प्याज तथा लसुन उत्पादन कार्यक्रम | १ | लागतको अधिकतम ७५% वा वढीमा २.५ लाख | कृषक/कृषक समुह/कृषि फर्म/कृषि उद्यमी | न्युनतम ६० रोपनी भएको कलष्टरमा संचलान गर्नु पर्ने। |
| ९ | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | १० | लागतको अधिकतम ७५% | कृषक/कृषक समुह/कृषि फर्म/कृषि उद्यमी | न्युनतम २० रोपनी उत्पादनशील अलैची बगैचा बराबर १ वटा सुधारिइको भट्टी निर्माणमा अनुदान प्रदान गरिने। |
| १० | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | २ | लागतको अधिकतम ७५% देखि १००% सम्म वा बढीमा ३ लाख | कृषक/कृषक समुह/कृषि फर्म/कृषि उद्यमी | न्युनतम प्रति कृषक ३ रोपनी जमिनमा रैथाने बाली खेती गर्नु पर्नेछ। |

आवश्यक कागजातहरुः

१. रु १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आवेदन/प्रस्तावना।

२. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/निजी उद्यमी/कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र गत आ.व २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

४. कृषि सहकारी/निजी उद्यमी/कम्पनीको हकमा गत आ.व २०७९/८० को लेखा परिक्षण प्रतिबेदनको प्रमाणित प्रतिलिपि।

५. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस।

६. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिता वा भाडाको जग्गामा खेती भएमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतानामा।

७. निवेदकको नागरिता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

८. संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धित निर्णयको प्रतिलिपि साथै निवेदन पेश गर्ने व्यक्तिको अख्तियारीयको निर्णय।

९.आवेदकले दोहोरो नपर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र।

१०.प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणपत्रको प्रतिलिपि।

११. संस्थागत (समूह/सहकारी/फर्म/समिति) आदिले प्रति आवेदन रु २००/- र व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/- नेपाल बैकको खाता नं. २७००२००००१००१००००१, राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१०१०११ मा आवेदन दस्तुर वापत जम्मा गरि सोको सक्कल भौचर पेश गर्नु पर्नेछ।

नोटः माथि उल्लेखति कार्यक्रमहरुमा प्रस्तावाना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा र सम्बन्धित कार्यक्रम संचलान सम्बन्धि माप्दण्ड कृषि ज्ञान केन्द्र ताप्लेजुङको वेभसाइट taplejung.akc.gov.np बाट डाउनलोड गरि प्राप्त गर्नु सक्नुहुन्छ वा ज्ञान केन्द्र, ताप्लेजुङ र स्थानीय तहको कृषि शाखाबाष प्राप्त गर्न सक्नुहुनेछ। आवेदकहरुले बिगत ३ वर्षमा विभिन्न सरकारी निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट रु पाचँ लाख वो सो भन्दा बढि अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेकहरुको प्रस्तावना र आवेदन दर्ता नहुने समेत सम्बन्धित सबैलाई जानकारी गराईछ।

निमित्त प्रमुख
सन्तोष थापा